गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र तनहुँ

## आ.व. २०८१/०८२ का कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रकाशन भएको मिति २०८१/०८/१२)*

यस केन्द्रको आ.व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट उप-शीर्षक ३१२०१०१६३ तर्फका तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्लाभित्रका कृषक, कृषि फर्म/कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र (२०८१/०८/२६गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट रू लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | ५० | ४ हेक्टर | ६ | खाद्यान्न बाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको क्लष्टरमा बीउ उत्पादन कार्यक्रम संचालन गर्नपर्ने। |
| २ | खाद्यान्न बाली प्रवर्द्धन आयोजना<br>खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ७५-८५ | ६० हेक्टर | ६० | कृषक समूह/सहकारीमा कम्तिमा १० घरधुरी संलग्न भई कम्तीमा १०० रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्नेछ। |
| ३ | मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | ५० | ७ पटक | ७ | अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी आदि कृषि फर्म/ कम्पनीको हकमा १० रोपनी र कृषक समूह/सहकारीको हकमा ५० रोपनीमा खेती गर्नुपर्ने। |
| ४ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | बढीमा ९० | ४ पटक | २० | कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षाको लागि विविध कार्यक्रम गर्नु पर्ने। |
| ५ | चैते धान प्रवर्धन आयोजना<br>सिंचाई पूर्वाधारमा सहयोग, सामाग्री ढुवानी, यन्त्रीकरण सहयोग, बीउमा सहयोग र प्याकेजिङ्ग तथा बजारीकरण सहयोग | ७५-८५ | २५० हेक्टर | ४८ | कृषक समूह/सहकारीमा कम्तिमा १० घरधुरी संलग्न भई न्यूनतम् ५० रोपनी क्षेत्रफलमा चैतेधान खेती गर्नुपर्नेछ। |
| ६ | उत्कृष्ट कृषक पुरस्कार | पौष मसान्त सम्म आवेदन दिन सकिने | | | कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह वा सहकारी संस्था |

**आवश्यक कागजातहरु**

१) रु १०/- को हुलाक टिकट टाँस गरेको निवेदन
२) प्रस्तावना फारम
३) नेपाली नागरिकताको प्रमाणपत्र
४) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि
५) वडा कार्यालयको/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र
६) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ *(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन (सहकारीको हकमा), नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र)*

पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड पूर्णरुपमा लागू हुनेछन् । उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागिः कृषि ज्ञान केन्द्र तनहुँ फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६३६१९१८

गोपाल शर्मा लामिछाने
प्रमुख